# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

**उपस्थित गाउँसभाका सदस्यहरु,**

यस गाउँसभा समक्ष सिस्ने गाउँ सरकारको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम सगौरव पेश गर्न गईरहेको छु ।

यस अवसरमा म नेपाली समाजको आमूल परिवर्तनका लागि भएका जनयुद्ध, जन आन्दोलन, मधेस, जनजाती, थारुहट लगाएतका राजनैतिक आन्दोलनका क्रममा आफ्नो जीवनको आहुती दिनुहुने सबै ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै वेपत्ता नागरिक र घाइते योद्धाहरु प्रति भावपूर्ण स्मरण एवम् सम्मान व्यक्त गर्दछु ।

राज्यको पुनरसंचना, प्रशासकीय सुधार साथै संघीय धर्मनिरपेक्ष समानुपातिक, समावेशी, सहभागितामुलक, अर्थपूर्ण सामाजिक न्याय सहितको लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्न आ-आफ्नो ठाउँबाट योगदान पुर्याउनु हुने सबै महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

आम निर्वाचन तथा स्थानिय निर्वाचन २०७९ मार्फत आफ्नो मतको अमूल्य अभिमत प्रकट गर्दै नेपालको संविधान २०७२ को प्रत्यक्ष अनुमोदनलाई निरन्तरता, दिदै हामी र हाम्रो कार्यकालका जनप्रतिनिधिहरुलाई आर्थिक वर्ष २०८१/०८२ को गाउँसभासम्म पुर्याउनु हुने आम मतदताहरु प्रति उच्च सम्मान एवम् धन्यबाद व्यक्त गर्दछौं ।

संघीयता कार्यान्वयनको क्रममा स्थानीय सरकार स्थापना भएको झण्डै ७ वर्षको कार्यकालमा **"समृद्ध सिस्नेः हाम्रो गन्तव्य"** भन्ने मुल नाराका साथ हामी शिक्षामा गुणस्तर कायम गर्ने, गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, सेवा प्रवाहमा रफ्तार बढाउने, पारदर्शिता, जवाफदेहिता, नीतिगत र संरचनागत सुधार गर्दै, सुशासन कायम गर्न हाम्रो निरन्तरको प्रयास जारी रहेको छ ।

**सभाका सदस्यहरु,**
सहकार्य समन्वय र सह अस्तित्वमा आधारित हाम्रो देशको मौलिक एवंम नेपाली माटो सुहाउँदो संघीय शासन प्राणाली अभ्यासको थोरै समयमा नै आशा सम्भावना र चुनौति सहित अगाडी बढिरहेको छ । देशमा ६७४३ वडा र ७५३ वटा स्थानीय तहमा सरकारमा राजनैतिक प्रतिनिधित्वको दृष्टिले हेर्दा महिला, दलित, अल्पसंख्यकको सहभागिताले नीति निर्माण तहमा संघीय प्रतिनिधित्व प्रणाली सवल हुदै गइरहेको अवस्था देखाउँछ, भने सेवा प्रवाहको दृष्टिले प्राशासनिक सुगमताले गर्दा संघीय शासन प्रणाली थप सवलिकरणको दिशामा गइरहेको देखिन्छ । योजना निर्माण तथा कार्यान्वयनका दृष्टिले मजबुद हुँदै गैइरहेको र साधन र श्रोतको स्थानीयकरण हुँदै जाँदा सिंगो शासन प्रणाली मजबुद हुदै गइरहेको देखिन्छ ।

उपरोक्त वस्तुगत अवस्था मात्र विद्यमान नभई हाम्रो देशको भु-राजनीतिक अवस्था, विश्व परिवेशमा देखिदै गएको असन्तुलन अवस्था, कोरोना पछिको विश्वमा देखा परेको आर्थिक मन्दी, युक्रेन-रुस युद्ध, इजरायल-प्यालिस्टिनको युद्धका कारण विश्व बजारमा परेको नकारात्मक असर, राजनैतिक अस्थिरता, अवैध एवं वैध बसाइसराइ, मूल्य बृद्धि, बढ्दो व्यापार घाटा, औद्योगिक पुँजीको न्यूनता, बढ्दो वित्तिय पूँजीको परिचालन यी समग्र आन्तरिक एवं बाह्य कारणद्धारा हाम्रो देशको राजनैतिक अवस्था पनि अत्यन्तै उथलपुथल रही आएको अवस्था छ ।अस्थिर सरकारका कारण विकास र समृद्धि, सुशासन एवं गरिबी निवारणका आर्थिक एवं सामाजिक कार्यहरु परिणाममुखी र आशातित नहुने हुँदा समाजमा निरास, अराजकता, आक्रोश एवं अलग-थलग हुने विशेषता नै हो ।

प्रशासनिक एवं वित्तीय संघीयता अझै इमानदारीतापूर्वक कार्यान्वयनमा आइसकेको पाइदैन । निजामती सेवा ऐन नियमावली, शिक्षा ऐन, नियमावली लगायत महत्वपूर्ण ऐन कानुन नबनिरहेको अवस्थामा सेवा प्रवाहका कामहरु प्रभावकारी रुपमा नदेखिएको साँचो हो । कतिपय पालिकामा खर्च हुनै नसक्ने स्रोत र कतिपय हाम्रो जस्तो पालिकामा सिमित आर्थिक स्रोतका कारण आशातित एवं उल्लेखनीय विकास निर्माणका कामहरु सम्पन्न गर्न कठिनाइ भइरहेको विद्यमान अवस्थामा सिमित स्रोत साधन र जनशक्तीको प्रयोग गर्दै उल्लेखिय परिणाम हासिल गर्ने चुनौती हाम्रा सामु छ । उपरोक्त वस्तुगत एंव आत्मगत अवस्था हुँदाहुँदै पनि हामीले विगत २ आर्थिक वर्षमा केहि महत्वपूर्ण क्षेत्रमा विशेष प्रयासको थालनी गरेका छौं ।

**सभाका सदस्यहरु,**

अब म आर्थिक वर्ष २०८०/८१ मा अघि बढाइएका नीति तथा कार्यक्रमको समिक्षा प्रस्तुत गर्दछु ।

क) भौतिक उपलब्धीः

भवन शहरी विकास तर्फ विद्यालय भवन नयाँ निर्माण २ वटा, सामुदायिक भवन निर्माण ९ वटा, अन्य संरचना निर्माण १२ वटा र विद्यालय मर्मत घेराबार ३३ वटा गरी जम्मा ५६ वटा भौतिक पूर्वाधार निर्माण भएका छन्।

सडक तर्फ नयाँ सडक ट्र्याक खोल्ने काम २ वटा १.८ किलोमिटर र स्तरोन्नति तथा मर्मत सडक ९ वटा २२ किलोमिटर सडक निर्माण भएका छन्।

खानेपानी तर्फ नयाँ योजना निर्माण ८ वटा र मर्मत तथा मुहान संरक्षन १० वटा सम्पन्न भएका छन् ।

सिंचाइ तर्फ नयाँ निर्माण ५ वटा ३७० मि २५ घनमिटर RCC ट्याङ्की निर्माण सम्पन्न

उर्जा तर्फ नया निर्माण तथा नविकरण १ वटा र मर्मत १ वटा तुवाङ् खोला सिस्ने २ सम्पन्न भएर प्रयोग भइरहेको छ ।

ढलनिकास सरसफाइः नयाँ निर्माण ३५० मिटर ढल निकास सम्झौता भएको र ५ वटा शौचालय निर्माण गरिएको छ।
झोलुङ्गेपुल :५ वटा झो पु स्टिल पार्टस खरिदको काम सम्पन्न भएको छ ।

पर्यटन पूर्वाधार : मठ मन्दिर पार्क संग्राहलय निर्माण तथा मर्मत ३ वटा खेलमैदान निर्माण : २ वटा र पर्यटन पदमार्ग तथा सिडि निर्माण १२ वटा ३.७ किलोमिटर सम्पन्न भएको छ।

ख) सामाजिक उपलब्धीः
शिक्षा तर्फः गुणस्तरीय शिक्षाका लागि प्रधानाध्यापकसंग कार्यसम्पादन सम्झौता, प्रविधिमैत्री शिक्षा, शैक्षिक सुधार र विद्यालय सुधारका कार्यहरु प्रभावकारी रुपमा सम्पन्न भएका छन् ।२१० जना शिक्षकहरुलाई विषयगत तालिम ५० जना शिक्षकलाई कम्प्युटर र IEMIS तालिम र ५० जना शिक्षक तथा कर्मचारीलाई लेखा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरियो।पालिका स्तरिय परीक्षा सञ्चालन कार्यलाई प्रभावकारी अनुगमन र व्यवस्थापन मार्फत व्यवस्थित बनाइयो ।विद्यालय स्तरिय खेलकुदलाई मर्यादित रुपमा सञ्चालन गरियो ।
स्वास्थ्य तर्फः थप दुइ स्वास्थ्य संस्थामा ल्याव सेवा सञ्चालन गरियो ।आठ वटै वडामा स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवालाई जनस्तरमा पुर्याउने कार्य गरियो । मातृशिसु स्वास्थ्यका लागि विशेष कार्यक्रम विभिन्न निकायसँगको सहकार्यमा सम्पन्न गरी सो क्षेत्रको सूचकमा विशेष सुधार भएको छ ।

ग) आर्थिक विकास तर्फः सबै वडा तथा वस्तीमा स्थलगत रुपमा पशु उपचार सेवा प्रदान गर्नुका साथै नश्ल सुधारका लागि कृषक समूह फर्म लाइ ५ वटा वोयर बोका वितरण गरिएको छ । यस आर्थिक वर्षमा २७१ भैसीको निःशुल्क पशु विमा गरी किसानलाई भैसीपालनमा आकर्षण गरिएको छ । कृषि उत्पादन वृद्धि गर्न लागतमा आधारित अनुदान वितरण गरी उत्पादकत्व वृद्धि गएको छ ।४ वटा कृषक फर्मलाइ बेमौसमी तरकारी खेतीका अनुदान तथा तालिम प्रदान गरिएको छ।

ङ) सुशासन तथा संस्थागत तथा सेवा प्रवाह तर्फः जनप्रतिनिधि तथा शाखा प्रमुखको कानुन निर्माण तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी तालिम सञ्चालन गरियो । नियमित रुपमा सार्वजनिक सुनुवाइ कार्यक्रम मार्फत जनताको गुणासो समयमै सम्बोधन गरियो ।नगर प्रहरी भर्ना सम्बन्धी कार्यविधि पारित गरी ५ जना नगर प्रहरी छनौट प्रक्रिया रहेको छ ।सेवा प्रवाह सम्बन्धी केही कानुनको परिमार्जन र निर्माण भएका छन् ।

सभाका सदस्यहरु,

हाम्रा नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आइपर्ने विद्यमान समस्या चुनौती तथा अवसरहरु उल्लेख गर्न चाहन्छु ।

समस्याहरुः

१. न्यून स्रोत कठीन भूगोल र छरिएको बस्ती,
२. अर्थपूर्ण जनसहभागिता घट्दै जानु,
३. कृषि उत्पादनमा बजारको सुनिश्चितता नहुनु,
४. कृषिमा व्यवसायीकरण र आधुनीकरण हुन नसक्नु,
५. सक्रिय युवा जनशक्ती विदेश पलायन हुनु ,
६. संघीयताको मर्म अनुसारका आवश्यक संघीय एवं प्रदेश कानुन निर्माण नहुँदा प्रशासनिक एवं सेवा प्रवाहमा असर पर्नु ,
७. पालिकाको अधिकार क्षेत्र अनुरुपको योग्य चुस्त प्रशासनिक संरचना नहुनु।

चुनौतीहरुः

१. सबैका लागि सधैको लागि गुणस्तरिय शिक्षाको सुनिश्चितता कायम गर्नु,
२. पर्याप्त र गुणस्तरिय स्वास्थ्य पूर्वाधार र सेवा कायम गर्नु,
३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी उत्पादनशील रोजगारी सिर्जना गर्नु,
४. सार्वजनिक निर्माणलाई समयबद्ध र गुणस्तरिय बनाउन,
५. स्थानीय उत्पादनको बजारीकरणको सुनिश्चितता गर्नु,
६. सेवा प्रवाहलाई सर्वशुलभ र नागरिकमैत्री बनाउन,
७. स्वस्थ सुरक्षित व्यवस्थित तथा सुन्दर बस्तीयुक्त गाउँहरु निर्माण गर्नु,
८. विकास आयोजनामाहरुमा जनताको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्नु,
९. युवा तथा बेरोजगारको समुचित व्यवस्थापन गर्नु,
१०. आवश्यकता र स्रोतको सीमितता बीच तालमेल मिलाउने,
११. विधिको शासन स्थापित गर्नु,
१२. गाउँपालिकाको केन्द्र एवं जिल्ला सदरमुकाम रुकुमकोटलाई व्यवस्थित बैज्ञानिक सुन्दर शहरमा रुपान्तर गर्नु ।

माथि उल्लेखित समस्या चुनौती भएता पनि हामीसँग देहायका अवसर एवं सबल पक्ष छन् जुन हाम्रा विकासका आधार हुन ।

१. मध्यपहाडी पुष्पलाल लोकमार्ग पालिका केन्द्र भएर जानु,
२. पर्यटक आकर्षण गर्नका लागि पर्याप्त प्राकृतिक साँस्कृतिक एक ऐतिहासिक गन्तव्य हुनु,
३. पर्याप्त प्राकृतिक स्रोतसाधन तथा जडिबुटी उपलब्ध हुनु,
४. मानव जीवनको लागि उपयुक्त वातारण हुनु,
५. ठूला शहर पोखरा नेपालगञ्ज घोराही बुटवलसँग सडकसञ्जालको कनेक्टिभिटी राम्रो हुनु,
६. पालिका कानुनी रुपमा र संस्थागत रुपमा सुदृढ हुँदै जानु ।

**सभाका सदस्यहरु,**

नेपालको संविधान २०७२ मा भएको व्यवस्था अनुरुप स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार अनुरुप नीति तथा कार्यक्रमलाई लिपिवद्ध गर्न प्रयत्न गरेको छु । राष्ट्रिय योजना आयोग राष्ट्रिय, प्राकृतिक श्रोत तथा वित्त आयोगले गरेको व्यवस्था र मार्ग निर्देशन अनुसार संघिय सरकारले अख्तियार गरेको नीति कार्यक्रम तथा बजेट, लुम्बिनी प्रदेश योजना आयोग, लुम्बिनी **प्रदेश** सरकारले प्रस्तुत गरेको निति कार्यक्रम तथा बजेटलाई मार्ग दर्शनका रुपमा ग्रहण गर्दै दिगो विकास लक्ष्य लगायत सिस्ने सरकारको समेत सोच ध्यय, उद्देश्य, लक्ष्य र तदनुकुलको योजना र कार्यक्रमलाई यस नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुका रुपमा लिएका छौ।लैङ्गिक उत्तरदायी बजेट निर्देशिका, सामाजिक समावेशीकरण नीतिलाई पनि मार्गनिर्देशनको रुपमा लिइएको छ । स्थानीय सरकार सञ्चालन करिव ७ वर्षको अनुभव विशेषगरी हाम्रो २ वर्षे कार्यकाल गत आर्थिक वर्षको अनुभव र अनुभुती, चालु आर्थिक वर्षको अत्यन्तै सिमित स्रोत साधन, असिमित आवश्यकता र असन्तुलित वितरणका कारण उत्पन्न चुनौतीका बीच हामीले आशातित केही उपलब्धी परिणाम हासिल गर्दैछौं । समृद्ध सिस्नेको लागि थप योगदान प्रदान गरेको अनुभूति गर्दै बिगत २ वर्षको हाम्रो आफ्ना अनुभव एवं सिकाइ मार्फत आगामी नीति तथा कार्यक्रम थप प्रभावकारी परिणाममूखी र वस्तुपरक हुने विश्वास व्यक्त गरेका छौं ।

**<u>आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि प्राथमिकताका साथ नीति योजना तथा कार्यक्रम</u>**

**<u>पर्यटन</u>**

- गत आर्थिक वर्ष २०७९/०८० का लागि हामीले शिक्षा क्षेत्रलाइ पहिलो प्राथमिकता दिदै निति तथा कार्यक्रम पेश गरेका थियौ ।त्यस्तै गत आर्थिक वर्ष २०८०/०८१ मा कृषि उत्पादनलाइ प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम पेश गरेका थियौ । आर्थिक वर्ष २०८१/०८२ का लागि गत आर्थिक वर्षहरुमा लिइएका योजना तथा कार्यक्रमहरुलाई थप प्रभावकारी परिणाममूखी वस्तुपरक र यथार्थपरक गर्दै लैजाने नीतिका साथै यस आर्थिक वर्षका लागि पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिदै तदनुकुल निति योजना कार्यक्रम तथा बजेटको व्यवस्था गर्न नीति अख्तियार गरिने छ ।जसको लागि सिस्ने गाउँपालिका भित्रका पर्यटकिय क्षेत्रलाई पूर्वाधार निर्माण लुम्बिनी प्रदेशको पर्यटकीय गन्तव्य निर्माण गर्ने नीति योजना तथा कार्यक्रम निर्माण गरिने छ ।
- सिस्ने पदमार्गमा पूर्वाधार निर्माणको लागि विशेष कार्यक्रम अघि बढाइएकोमा त्यसलाइ तिव्रता दिइने छ । भैरहवा र पोखरा बिमानस्थलबाट रुकुमकोट हुँदै सिस्ने पदमार्ग मार्फत से फक्सुन्डो सम्मको पर्यटकिय सर्किट निर्माणको लागि संघ र प्रदेश

सरकारसँगको साझेदारीमा विशेष योजना तथा कार्यक्रम निर्माण गर्न विशेष पहल गरिने छ ।

- गुरिल्ला ट्रेल-सिस्ने पदमार्ग कमलदह, देउराली ओढार, तातोपानी मुहान, झुम्कामारे शहिद पार्क, ठाँटिडाडा द्धन्द्ध स्थल, युद्ध संग्राहलय, नेटा शहिदपार्क गुप्तदह लगायत विभिन्न मठ मन्दिरहरुको संरक्षन प्रबर्धन एवं पूर्वाधार निर्माणका कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।
- सिस्ने गाउँपालिकामा रहेका ऐतिहासिक तथा पुरातात्विक वस्तु एवं भवन र स्थानहरु संरक्षणका लागि आवश्यक नीति तथा योजना अगाडि बढाइने छ ।
- निजी क्षेत्रसँगको साझेदारी र सहकार्यमा जिपलाईन अध्ययन कार्य अघि बढाइने छ ।
- बाउन्न पोखरी त्रिपन्न टाकुरीको रेखाङ्कान तथा नामाङ्कनको लागि आवश्यक कार्यक्रम ल्याइने छ ।
- सिस्ने बेस क्याम्प, सिस्ने राउण्ड, नौदह ट्रयाक र पुरमुली क्षेत्रमा पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई अन्य इच्छुक साझेदार संघसंस्थाहरुसँगको समन्वयमा निरन्तरता दिइनेछ ।
- जीपलाइन रक क्लाइम्बिङ र बन्जीजम्प लगायत सहासिक खेलका लागि सम्भाव्यता अध्ययन र प्रदेश र संघ सरकारको समन्वयमा पूर्वाधार निर्माणका कामलाई प्राथमिकता दिइनेछ ।

**<u>कृषि</u>**

- कृषि क्षेत्रको लागि थप प्रविधि आधुनिकिकरण तथा बजारीकरणको लागि केन्द्रित विशेष कार्यक्रम तयार गरि कृषकको उत्पादनलाई बजार सम्म र मुनाफा किसानको हातमा पुग्नेगरी कार्यक्रमलाई मूर्त वस्तुवादी र यथार्थपरक बनाईने छ ।
- कृषि उपजको उत्पादनमा आधारित प्रोत्साहन अनुदानलाई प्रभावकारि ढंगले अगाडि बढाईने छ ।
- कृषि पकेट क्षेत्रको समिक्षा गरि अनुभव र शिक्षाका आधारमा अझै प्राभावकारी कार्यक्रम संचालनमा ल्याइने छ । कृषि पकेटलाई एक वडा एक उत्पादन कार्यक्रममा जोडिने छ ।
- पालिकामा रहेका किसान सुचिकरण गरी वर्गिकृत परिचय पत्र वितरणको थालनी गरिनेछ । साथै पालिका भित्र रहेका कृषि समूह कृषि व्यवसाय तथा उद्योगको अभिलेखिकरण गरिनेछ।सो को कार्यान्वयनका लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।
- कृषि सहकारीहरुलाई COPOMIS मा आवद्ध गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।
- कृषि विमालाई निरन्तरत दिदै कृषि सम्बन्धी आधुनिक तालिम संचालन गरिनेछ ।

- जीवन निर्वाह सम्बन्धी कृषिलाई व्यवसायिक रुपमा उकास्नका लागि बजारको विस्तार अनि आकर्षक उत्पादन मार्फत कृषि उपजको निर्यात गर्न मौसमी एवंम वेमौसमी कृषि उपज उत्पादन गर्न कृषकलाई थप प्रोत्साहन मिल्नेगरी कार्यक्रम तर्जुमा गरिने छ । जसका लागि सिचाई, विउ, मल, विषादी, कृषि बिमा, सुरक्षित एवं आकर्षक बजारको समेत व्यवस्थाका लागि कार्यक्रम एवंम कार्य योजना निर्माण गरिने छ । रैथान बालीको संरक्षणलाई निरन्तरता दिइने छ ।
- वेमौसमी तथा छिटो प्रतिफल दिने कृषि उपजका लागि पनि कृषकलाई आकर्षित गर्ने नीति लिनु पर्दछ । सहकारी र निजि क्षेत्र सँगको सहकार्यमा आधारित कृषि मेलाको संचालनका लागि कार्यक्रम तर्जुमा गरिने छ ।
- कृषि चिस्यान केन्द्रको स्तरोन्नति गरिने छ ।
- मागमा आधारित नविनतम कृषि प्रविधि सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- जडिबुटीलाई व्यवसायिक खेतीको लागि कृषकलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुलाई बजारिकरणमा जोड दिइने छ ।
- स्थानीय तहमा सार्वजनिक सहकारी र निजी क्षेत्रको सहकार्यमा कृषि हाटबजार सित भण्डार कोसेली घर स्थापना तथा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- समाजवाद उन्मुख सामाजिक आर्थिक प्रणाली प्रबर्द्धनका लागि मर्यादित गुणस्तरिय विधिसम्मत र सुशासनयुक्त सहकारी क्षेत्रको विकास गरिनेछ ।

**शिक्षा**

- पूर्वाधारको पनि पूर्वाधार भएकोले शिक्षा क्षेत्र विकासको लागि विशेष कार्यक्रम यस वर्ष पनि संचालनमा ल्याइने छ ।
- प्रधानाध्यापक संगको कार्यसम्पादन करार सम्झौतालाइ निरन्तरता दिदै पुर्ण रुपमा कार्यन्वयनमा लगिने छ ।
- विद्यालय क्षेत्र सुधार कार्यक्रम र शैक्षिक सुधार कार्यक्रम अनिवार्य रुपमा संचालनमा ल्याइने छ ।
- प्रविधि मैत्री शिक्षा यस वर्ष बाँकी रहेका विद्यालयहरुमा संचालनमा ल्याइने छ ।सबै विद्यालयहरुमा इन्टरनेट सेवा सुचारुका लागि कार्य अगाडि बढाइनेछ ।
- प्रत्यक्ष विद्यार्थी द्धारा शिक्षक कर्मचारीहरुको मुल्याकंन मापदण्ड निर्धारण गरी वीद्यालय तहमा पुरस्कार एव् सजायको प्रवन्ध गर्ने गरी कार्यक्रम ल्याइने छ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री, पूर्वाधारयुक्त, गुणस्तरीय र सुशासनयुक्त बनाउनुका साथै वार्षिक शैक्षिक तालिका, परीक्षा प्रणाली, प्रतिवेदन र लेखाङ्कनलाई एकरुपता बनाईनेछ। शैक्षिक क्षेत्रमा देखापरेका कमिकमजोरी हटाई क्रमशः सुधार गर्दै लैजान सरोकारवाला पक्षहरुसँगको समन्वयनमा अनुगमन तथा नियमन कार्यमा जोड दिइनेछ।

- राष्ट्रिय पाठयक्रमले स्थानीय तहबाट निर्माण हुनेगरी छुटयाइएको कार्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं समसामयिक बनाउन सिस्ने गाउँपालिका स्तरको आधारभूत तह कक्षा (१-८) को स्थानीय पाठ्यक्रम तयार गरी कक्षा ६,७ र ८ को पाठ्यपुस्तक समेत निर्माण गरी लागु गरिसकेको अवस्थामा कक्षा (१-५) अन्तर्गत कक्षा ४ को पाठ्यपुस्तक निर्माण गरी यसै वर्ष देखि कार्यान्वयनमा ल्याइनेछ।
- शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकलाई विद्यालय स्तरमा समग्र शिक्षण सिकाइ व्यवस्थापनको नेतृत्वदायी भूमिकाको लागि जिम्मेवार गराउन र विषयगत रुपमा शिक्षकहरुको क्षमता विकास गर्न छोटो अवधिका क्षमता विकास तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- कार्यक्रमको सफलतालाई मूल्याङ्कन गरी प्रभावकारीताको आधारमा आगामी वर्षहरुमा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान, शिक्षक नियुक्ति, शिक्षक सरुवा तथा विद्यालय कर्मचारी नियुक्ति प्रक्रियालाई व्यवस्थित, नियमसँगत र पारदर्शी बनाउन जोड दिइनेछ। हरेक विद्यालयमा बालशिक्षा कक्षा सञ्चालनका लागि न्युनतम विद्यार्थी संख्याको उपस्थिति समेतका आधारमा बाल शिक्षा कक्षाहरुमा आवश्यक शैक्षिक सामग्री जनशक्ति र सहजकर्ताहरुको लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
- बालबालिकाहरुको गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न र दलित, विपन्न परिवार तथा गरिबीले आक्रान्त, द्वन्द्वपिडित, कोभिड-१९ बाट अभिभावक गुमाएका र असहाय छात्रछात्रालाई शिक्षामा प्रोत्साहित गर्न पोशाक तथा शैक्षिक सामाग्री वितरणको माध्यमबाट बालबालिकाको सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विशेष कक्षा सञ्चालन भएका विद्यालयहरुमा सुस्तश्रवण, दृष्टिविहिन, न्यून दृष्टि र बहिरा छात्रछात्राहरुको लागि आवासको व्यवस्था गरिसकेकोले नियमित अनुगमन गरी विद्यार्थी संख्या कम भएका विद्यालयहरुमा सेवा सुविधाहरु हेरफेर, रोक्नुका साथै बन्द समेत गरिनेछ।
- सिस्ने गाउँपालिकाभित्र रहेका सबै माध्यमिक स्तरमा बृहत्तर यौनिकता तथा प्रजनन स्वास्थ्य किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना गरीएकोले यस आ. व. मा आवश्यक बजेटको व्यवस्था गरी किशोरीमैत्री सूचना केद्रको स्तरोन्नती गरिनेछ।

- किशोर किशोरीहरुको जीवनउपयोगी सिप विकासका लागि विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालयहरुमा प्रतिस्पर्धा भावना जागरित गर्दै उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्ने प्रधानाध्यापक, विषयगत शिक्षक र विद्यार्थीलाई दण्ड र पुरस्कारको व्यवस्था मिलाइने छ।
- प्रविधिमैत्री शैक्षिक कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विधुतको पहूँच नभएका विद्यालयहरुमा सौर्य उर्जाको बैकल्पिक व्यवस्थापन कार्यलाई जोड दिइ सरोकारवाला व्यक्ति तथा संस्थाहरुसँग समन्वय, सहकार्य र छलफल गरी प्रक्रिया अगाडि बढाइनेछ।
- शैक्षिक सत्रको अन्तमा सञ्चालन हुने वार्षिक परीक्षा सञ्चालन अनुगमन जनशक्ति परिचालन र नतिजा प्रकाशन कार्यलाई थप सुधार तथा व्यवस्थित गरिने छ ।
- विद्यालय स्तरबाटै पालिका जिल्ला प्रदेश हुँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तर सम्म आफु र आफ्नो ठाउँको पहिचान झल्काउन सक्ने उत्कृष्ट र मेधावी खेलाडीहरुको छनौट गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप प्रभावकारी रुपमा व्यवस्थापन गर्दै आवश्यक नियमन गरी सुधार गरिनेछ।
- विद्यालयहरुमा हुने आर्थिक, भौतिक, शैक्षिक, विद्यार्थी, शिक्षक कर्मचारी लगायतको विवरणलाई चुस्त, दुरुस्त, पारदर्शी तथा व्यवस्थित बनाउन एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) भर्ने भराउने कार्यको नियमति अनुगमन तथा सुपरीवेक्षण गरी समयमै उक्त कार्य नगर्ने नगराउने विद्यालयलाई आवश्यक कार्वाही र जरिवाना समेत गरिनेछ।
- सिस्ने गाउँपलिकाको शिक्षा सुधारका लागि अन्तर पालिका र नमुना अन्तर विद्यालय भेटघाट अनुभव आदान प्रदानका लागि शैक्षिक भ्रमण कार्यक्रमको व्यवस्था मिलाइने छ ।

**स्वास्थ्य**

- नारी बचत कार्यक्रम, सुत्केरी एम्बुलेनस विशेष सुबिधा-सेवालाई निरन्तरता दिईने छ ।
- सिस्ने गाउँपालिका अन्तर्गत सबै स्वास्थ्यचौकी र आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाईलाई थप प्रभावकारी तरीकाले अघि बढाइने छ ।
- गर्भवती र सुत्केरी महिलालाई यातायात र उत्प्रेरणा खर्चको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।मातृ शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रिय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

- सिस्ने गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाईलाई थप प्रभावकारी तरीकाले अघि बढाइने छ ।
- सिस्ने गाउँपालिका भित्र ५ वटा बर्थिङ सेन्टरमा ४ वटा प्रयोगशाला व्यवस्था भएको र आगामी दिनमा थप प्रभावकारी बनाइने छ ।
- मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।
- आँखामा मोतिबिन्दु हुने समस्याको शल्याक्रियाको लागि आवश्यक कार्यक्रम ल्याईने छ ।
- हेपटाइटिस B रोगका बिरुद्धको प्रतिरोधात्मक खोप सम्बन्धी सम्भाव्यता अध्ययन गरि वैज्ञानिक तरीकाले अभियानको रुपमा प्रयोगमा ल्याइने छ ।

## भौतिक पूर्वाधार

- गाउँपालिकाको पूँजीगत बजेटको न्यूनतम ३ प्रतिशत बजेट पूर्वाधार मर्मत तथा संभार गर्ने कार्यको लागि विनियोजन गरिनेछ ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को नीति अनुसार सो कार्यक्रमसँग पालिकाले साझेदारीमा कार्यक्रम एवं विकास आयोजना सञ्चालन गर्ने । सोका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सहलगानीको हिंस्सा विनियोजन गर्दा उक्त कार्यक्रमको नीति अनुसार गरिनेछ ।
- जटिल प्रकृतिका आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ती आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई सम्पन्न गरिनेछ ।श्रममा आधारित कामहरु उपभोक्ता समिति मार्फत गर्न क्षमता विकासको तालिम सञ्चालन गरिनेछ ।
- **संघ तथा** प्रदेश सरकार संगको समपुरक एवं क्रमागत योजनाहरुलाई परिणाममुखी, गुणस्तरीय र समयमै सम्पन्न गर्न आवश्यक पहल लिइने छ ।
- पालिकाले तयार पारेको पूर्वाधारका कामलाई यथासिघ्र कार्यन्वयनमा ल्याइने छ ।
- पूर्वाधार एम्बुलेन्स सेवालाइ निरन्तरता दिइने छ ।

## पशुपन्छी

- पशुपालन मार्फत स्थानीय स्वरोजगार बृद्धि गर्दै पशुपंन्छीजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउनुका साथै यस्ता उत्पादनको निर्यातलाई प्रबर्द्धन गरी आर्थिक विकास गर्ने नीति लिइनेछ ।
- सन् २०३० सम्म पी पी आर खोरेत रेबिज रोग नियन्त्रण तथा उन्मूलन गर्ने अन्तराष्ट्रिय लक्ष्य अनुसार भ्याक्सिन तथा औषधी यथा समयमै दिने पहल गरिनेछ ।

- पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आत्म निर्भरता हासिल गर्नमा जोड दिइनेछ, उत्पादित पशुपन्छीजन्य पदार्थको बजारिकरणमा टेवा पुऱ्याईनेछ ।
- घाँस खेतीमा आधारित पशुपालनमा गरी लागतमा कम गरी व्यवसायिक पशुपालन क्षेत्रमा जोड दिइनेछ ।
- स्थानिय पशुमा नश्ल सुधार गरी उत्पादनशिल पशुको संख्या वृद्धि गरी आयआर्जन गर्नमा जोड दिइनेछ ।
- रैथाने पशुपंक्षीको संरक्षण र प्रवर्द्धन गर्दै बजारको मागमा आधारित पशुपन्छीजन्य पदार्थ उत्पादनमा प्रोत्साहन गरिनेछ ।
- पशुपन्छीपालन क्षेत्रमा लागि परेका कृषकहरुलाई आधुनिक, प्रविधिमैत्री, उत्पादनमुखि पशुपालन तर्फमा प्रोत्साहन दिन,उत्पादन भएको पशुपन्छीजन्य पदार्थको प्रशोधन तथा बजारीकरण सम्वन्धी विभिन्न क्षमता अभिवृद्धिको लागि तालिमको आयोजना गरिनेछ ।
- किसानहरुले पालन गरेका पशुपन्छी, मत्स्यपालन व्यवसायलाई वीमाको दायारा विस्तार गर्दै लगिनेछ ।

**<u>महिला,बालबालिका तथा जेष्ठ नागरीक</u>**

- महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैंङ्गिक हिंसा नियन्त्रण र हिंसाका घटना ब्यवस्थापनका सामुदायिक संयन्त्रहरुलाई सशक्त रुपमा परिचालन गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समाबेशिमैत्रि नीति र कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।
- बालमैत्रि गाउँपालिका स्थापना गरिनेछ ।
- बालविवाह न्यूनिकरणका लागि बाल संजाल, बाल अधिकार समिति र वडा स्तरीय बाल क्लबहरुको क्षमता विकास गरिने छ ।
- किशोरीहरुका लागि बिभिन्न आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- मध्यम तथा साधारण अपाङ्गता भएका व्यक्तिहरुमा सिप तथा व्यवसायिकता विकास गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सुनिश्चितका लागि घुम्ती शिविर लगायत सचेतनामूलक कार्यक्रमलाई जोड दिइने छ ।

- पूर्ण अशक्त तथा उचित संरक्षकत्व नपाएका अपाङ्गहरुलाई पुर्नस्थापनाको ब्यवस्था गरीनेछ ।
- ज्येष्ठ नागरिकहरुलाई सम्मान जनक ब्यवहार गर्न यूवा वर्गलाई जिम्मेवार बनाउने साथै विद्यालयस्तरमा सिप अन्तरपुस्ता हस्तान्तरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको दिनभरिको समयलाई सहज बनाउन गाउँपालिका र सामुदायिक संयन्त्रणको सहकार्यमा दिवा सेवा केन्द्रहरु संचालन गरिनेछ ।
- बाल दिवस महिला हिंसा बिरुद्धको १६ दिने अभियान लगायत अन्य दिवसीय कार्यक्रमलाई ब्यवस्थित गरी मनाइने छ ।

**बहुक्षेत्रिय पोषण**

- सुनौला १००० दिनका आमा, गर्भवती तथा सुत्केरी तथा ५ वर्ष मुनिका वालवालिका र किशोर किशोरिहरुको पोषण अबस्थामा सुधार कार्यक्रम मार्फत संघीय सरकार सँग साझेदारिमा विगत बर्ष देखि संचालित बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पोषण विशेष, पोषण संवेदनशिल र पोषण समर्थ बनाउने वातावरण सम्बन्धि कार्यक्रमहरुको विस्तार गरि महिला किशोर तथा वालवालिकाहरुको पोषण अबस्थामा सुधार ल्याई मानव पुंजीको विकास गर्ने नीतिको अबलम्बन गरिएको छ । सोहि अनुरुप बिषयगत शाखाहरुको सहकार्यमा कार्यक्रम कार्यन्वयन गरिनेछ ।
- मा.वि. तहका विद्यालयका किशोरिहरुको पोषण र सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्ने र विद्यालय बाहिर रहेका १० देखि १९ वर्षका किशोरिहरुलाई जीवन उपयोगी सिप विकास तालिम सञ्चालन गरिनेछ ।

रोजगार

- वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम लागु गरिने छ ।
- न्यूनतम रोजगारीका लागि साझेदारीमा आयोजनाहरु संचालन गर्ने साथै बैदेशिक रोजगार फर्किएकाहरुलाई सिपमुलक तथा मनोपरामर्स सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने नवप्रबर्द्धन एवं सिर्जनशिल उद्यमशिलतालाई प्रोत्साहन गर्न लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना र सिर्जित उद्यमीहरुको स्तरोन्नतीसँगै आवश्यक सिप तथा वस्तुगत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- यसै वर्ष एकिकृत ग्रामिण उद्योग क्षेत्र स्थापना गर्न विशेष पहल गरिने छ ।

- घरेलु उद्योग र लघु उद्यमीहरुको पहिचान गरि गुणस्तरीय छिटो संमृद्ध हासिल गर्न प्रवधनात्मक कार्यक्रम तय गरिने छ ।

**सामाजिक सांस्कृतिक**

- समाजमा विद्यमान रहेका कुरीति कुसंस्कार कुप्रथा र सबै प्रकारका विभेद तथा हिंसाको अन्त्य गरी सुरक्षित सुसंस्कृत र समतामूलक समाज निर्माण गरिनेछ ।यसका लागि लक्षित कार्यक्रम तय गरी अभियानको रुपमा सञ्चालन गरिनेछ ।
- बढ्दो युवा पलायनलाई रोक्न प्रदेश र संघ सरकार संगको साझेदारी पालिकाको पहलमा युवा लक्षित विशेष कार्यक्रम तर्जुमा गरी अघी बढाइने छ ।
- युवाहरुको लागि सिपमुलक तालिमको तर्जुमा गरिने छ ।
- अध्यक्ष उपाध्यक्ष जनमैत्री तथा जन साक्षत्कार कार्यक्रम संचालन गरिने छ ।
- पालिकामा रहेका सबै खेल क्षेत्रको विकास गर्न सिस्ने गाउँपालिका युवा विकास केन्द्र द्धारा सिस्ने कप संचालनको लागि निरन्तरता दिइने छ ।
- विगतको शसस्त्र द्धन्द एवं जन आन्दोलनमा शहिद हुनु भएका परिवारका लागि सहकारी एवं अन्य स्मरण सम्मान गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।
- अध्यक्ष, उपाध्यक्षसंग विपन्न सहायता कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- समाजमा आर्थिक तथा सामाजिक रुपमा पछि परेका/पारिएका दलित समुदायको आर्थिक तथा सामाजिक विकास तथा सशक्तिकरण गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- भाषा कला साहित्य तथा संस्कृतिको सम्बर्द्धनमा विशिष्ट योगदान गर्ने स्रष्टालाई सम्मान गरिनेछ ।
- परम्परागत रुपमा चलि आएका मेला पर्व र जात्राहरुको प्रबर्द्धन कार्यलाई समयानुकुल र रचनात्मक बनाउन पहल गरिनेछ ।

खानेपानी तथा सरसफाई

- स्वस्थ खानेपानी आपूर्ती एवं व्यवस्थापनका लागि खानेपानी उपभोक्ता समिति मार्फत प्रभावकारी रुपमा मुहान संरक्षण ट्याङकी मर्मत नयाँ धारा वितरणको लागि विशेष व्यवस्था मिलाइने छ ।
- बढ्दो प्लास्टिक जन्य फूलको आयात वितरण प्रयोग पूर्णत प्रतिबन्धित गर्ने नीति लिदै प्राकृतिक एवं जैविक प्रयोगलाई सहज तुल्याउन फूल उत्पादनलाई प्रोत्साहन गर्ने कार्यक्रमको प्रवन्ध मिलाइने छ ।
- साथै प्लास्टिक जन्य प्लेट, थाली, गिलास र ब्याग लगायतका वस्तुहरुको बढ्दो आयात र प्रयोगलाई प्रतिबन्धित गर्दै बिरुवाका पात बोक्रा तथा कागजमा

आधारित वस्तुको उत्पादन प्रयोग वितरणको प्रयोगको प्रबन्ध गर्ने कार्यक्रम ल्यइने छ ।

- फोहोरमैला व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**संस्थागत विकास र सेवा प्रवाह**

- सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, सरल, पारदर्शी र प्रभावकारी बनाई आम नागरिकको गाउँपालिकाप्रति अपनत्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत कानुनी संस्थागत एवं मनोव्यवहारिक पक्षमा सवलीकरण तथा निरन्तर सुधार गर्दै लगिनेछ ।
- जेहेन्दार लक्षित तथा विपन्न वर्गका शिक्षित बेरोजगार युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्न लोकसेवा र शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- सरकारका निकायहरुको आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड तयार गरी लागू गरिनेछ ।
- स्थानीय तहका पदाधिकारी, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित प्रविधिमैत्री गराउन व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सुदृढिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पुनर्ताजकी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारी वडा सचिव तथा सहायक कर्मचारीको लागि न्यायिक कार्यविधि ऐन कानुन तथा सोसँग सम्बन्धित विषयमा तालिम दिइ न्यायिक निरुपनको व्यवस्था मिलाइनेछ ।
- कराधार सचेतना नापतौल गुणस्तर एवं खाद्य प्रविधि सचेतना एवं अभिमुखीकरण कार्यक्रम संचालनमा ल्याइने छ ।
- अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित नीति कार्यक्रम तथा बजेट निर्माण गर्न आवश्यक पर्ने आधारभूत तथ्याङ्क संकलन प्रशोधन भण्डारण र उपयोगका लागि आवश्यक कार्यक्रम गरिनेछ।
- राजश्व कर र घरबहाल कर लगाएत सम्पुर्ण कर संकलन सम्बन्धी व्यवस्थाका लागी निति तथा कार्यक्रमको प्रवन्ध गरिने छ ।

- स्वस्थ प्रतिस्पर्धी बजार रितपुर्वक बिल बिजक जारी भन्ने व्यापारिक कथनलाई चरितार्थ गर्दै यसै वर्ष नियमित बजार अनुगमनको कार्यालाई अझै प्राभावकारी बनाइने छ ।
- सिस्ने गाउँपालिकाभित्र सामाजिक संघसंस्था, समाजसेवी, करदाता, पत्रकार,साहित्य/संगीत, साना लघु उद्यमी, उपभोक्ता समिति, सहकारी, कर्मचारी, शिक्षक हरुलाई सम्मान गरी उत्प्रेरणा जगाउने नीति अवलम्बन गरिनेछ।
- कर्मचारीहरुलाई कार्यस्थलमा उच्च मनोबलका साथ कार्यसम्पादन गर्ने वातावरण सृजना गरिनेछ।
- आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरुजु नियन्त्रणलाई प्राथमिकतामा राखिनेछ।बेरुजु फछ्र्यौट (नियमित गर्ने, असूलउपर गर्नेसमेत) कार्यलाई तिव्रता दिइनेछ ।
- नेपाल सरकार र स्थानीय तहका नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन,सवारी साधन लागयतका भौतिक सम्पत्तिको एकीकृत विवरणलाई अभिलेखीकरण गरिनेछ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

- दिगो वन व्यवस्थापनः स्वच्छ, स्वास्थ र समृद्ध जीवनयापन सोचलाई कार्यान्वयन गर्न वन व्यवस्थापन वन पैदावार जडिबुटी तथा जैविक विविधताको दिगो संरक्षण गरी रोजगारी सिर्जना र हरित अर्थतन्त्रको विकासमा वन क्षेत्रको उपयोग गरिनेछ।
- सडक बाटोको दुबैतर्फ सौन्दर्य प्रदायक सडक सुरक्षा तथा आयमूलक बिरुवाहरुको वृक्षारोपन गरी हरियाली सडक विकास गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक वनलाई आयमूलक रुपमा विकास गरी आय र योजना तर्जुमा प्रक्रियामा आबद्ध गरिनेछ ।
- विपद् जोखिम नक्शाङ्कन तथा प्रतिकार्य योजना मार्फत नेपाल सरकार प्रदेश सरकार गाउँपालिका गैरसरकारी संघसंस्था र निजी क्षेत्रसँग विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन एवं विपद् स्वयंसेवक परिचालनका कार्यहरु समन्वयात्मक रुपले सम्पादन गरिनेछ ।
- सार्वजनिक जग्गा तथा सम्पत्तीको पहिचान तथा संरक्षण गरिनेछ ।

**संचार**

- गाउँपालिका भित्र रहेका नेपाल टेलिकमको टावरहरु स्तरोन्नतिको लागि आवश्यक पहल गरिने छ ।
- रेडियो, पत्रपत्रिका र विभिन्न अनलाइन मिडियालाइ प्रभावकारी बनाउन कार्यक्रम अघि बढाइने छ ।

- नयाँ पत्रकार उत्पादन गर्न तथा संचारकर्मीहरुका लागि क्षमता अभिबृद्धि तालिमको आवश्यक कार्यक्रम अघि बढाइने छ ।
- सिस्ने गाउँपालिका भित्र पर्ने सडकहरुमा ट्राफिक संकेत बोर्डहरु र सिमानाहरुमा बोर्ड निर्माण गरि राखिने छ ।
- सिस्ने गाउँपालिका भित्र पर्ने समग्र पर्यटकीय क्षेत्रहरुलाई समेटेर मिडिया डकुमेन्ट्री तयार गरिने छ ।

**उद्योग**

- सिस्ने गाउँपलिका अन्तर्गत रहेका कच्चा पदार्थलाई अध्ययन अनुसन्धान गरि आवश्यक घरेलु उद्योगको सम्भावनालाई अघि बढाइने छ ।
- सिस्ने गाउँपलिका भएर बग्ने सनोभेरी नदिको बालुवा, गिट्टिलाई लगायतका दहत्तर बहत्तर लाई नियमानुसार अधिकतम प्रयोग गरी विकास निर्माण कार्यमा प्रयोग गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नागरिक समाज, श्रमजीविवर्ग, सञ्चारकर्मी, विकास साझेदार एवं गैरसरकारी संघसंस्था लगायत आम सिस्नेबासी जनसमुदायप्रति आभारी छु ।

"**समृद्ध सिस्नेः हाम्रो गन्तव्य**" भन्ने नारालाई साकार पार्नका लागि माथि उल्लेखित नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन् । यी नीतिहरुको सफल कार्यान्वयनको लागि गाउँपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, सञ्चारकर्मी, नागरिक समाज, लगायत सम्पूर्ण सिस्नेबासी आमाबुबा दाजुभाई दिदीबहिनी हरुको रचनात्मक सल्लाह सुझाव र सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद!!!

कृष्ण रेग्मी
अध्यक्ष
सिस्ने गाउँलिका रुकुम पूर्व